नवदुर्गा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मणिलेक, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश नेपाल

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

## औषधि तथा औषधिजन्य सामग्री, कार्यालय सामान लगायत मसलन्द सामाग्री खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

### विषय : सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सुचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति:२०८२/०६/२१)

यस गाँउकार्यपालिकाको कार्यालयलाई आबश्यक पर्ने तपसिल बमोजिमको औषधि तथा **औषधिजन्य** समानहरू,कार्यालय सामान लगायतका मसलन्द सामान आपुर्ति गर्नुपर्ने भएको हुँदा ईच्छुक उत्पादन कम्पनी तथा अधिकृत बिकेता/सप्लायर्स फर्महरूबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सुचना प्रकासित गरिएको छ ।

तपसिल :

१. गत आ.ब. मा नबिकरण सहितको इजाजत पत्र, कर चुक्ता प्रमाण पत्र, अधिकृत बिकेता प्रमाण पत्र, आयकर/मु.अ.करमा दर्ता प्रमाण पत्र र गुणस्तर चिन्ह (ISO) प्राप्त प्रमाणहरूको प्रतिलिपी संलग्न राखी निबेदन राखी दस्तुर रू. १०००। (एक हजार रूपैया) पछि फिर्ता नहुने गरि बुझाई यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ । साथै निबेदन दस्तुर यस गाँउकार्यपालिकाको प्रभु बैंक नवदुर्गा डडेल्धुरा शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ग १-१, १६१०१२५४१३३०००९८ मा जम्मा गरेको सक्कल भौचर सहित लिखित निबेदनपत्र साथ पेस गरि दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरि १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दाखिला गरि सक्नु पर्नेछ । सो दिन सार्बजनिक बिदा परेमा सम्पुर्ण कार्यहरू सो को भोलिपल्ट साबिक समयमै पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउ फाराम पेश गर्दा पत्रदाताको ग्राह्यता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पुर्ण कागजातहरूको प्रमाणित प्रतिलिपि समेत अनिबार्य रूपमा पेश गर्नुपर्ने छ ।

४. सिलबन्दी दरभाउपत्र फाराम राखिएको खाम बाहिर कार्यालयको नाम, सप्लाई गरिने सामानको सुचना नं. र आपुर्ति सम्बन्धी दरभाउपत्र नाम उल्लेख गरी सिलबन्दी गरिएको हुनुपर्ने छ ।

५. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात (BID document) यस गा.पा.को ईमेल nawadurgaruralmun@gmail.com मार्फत समेत खरिद गर्न सकिने छ । सो को लागी यस गाँउकार्यपालिकाको प्रभु बैंक नवदुर्गा डडेल्धुरा शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ग १-१, १६१०१२५४१३३०००९८ मा निबेदन दस्तुर रू. १०००। जम्मा गरेको सक्कलै भौचर साथै अन्य आबश्यक कागजात पेस गर्नुपर्ने छ ।

६. यसरी दर्ता हुन आएका दरभाउपत्र १६ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरू र दरभाउपत्र दाताहरूको रोहवरमा खोलिने छ । दरभाउपत्र दाताहरू अनुपस्थित रहेमा पनि कार्यालयलाई दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्बजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र खोलिने छ ।

७. सिलबन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम बाफत यस कार्यालयको नाममा प्रभु बैंक नवदुर्गा डडेल्धुरा शाखामा रहेको धरौटी खाता नं. ग ३, १६१०१२५४१३३०००३८ मा नाम उल्लेख गरी दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट ७५ दिनको मान्यअवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गनुपर्ने छ ।

८. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि स्विकृत दरभाउदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अंकको सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११० बमोजिम हुने गरि धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्य सम्पादन जमानत पेश गरि दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र सम्झौताको लागी कार्यालयमा उपस्थित हुनुपर्ने छ ।

हर्ष बहादुर रोका

प्रमुख प्रशासकीय अधिकृत

नवदुर्गा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

९. सिलबन्दी दरभाउपत्रमा उल्लेखित परिणामको सामाग्री, उपकरण आपुर्ति गर्ने प्रयोजनार्थ गाँउकार्यपालिकाको कार्यालय मणिलेक डडेल्धुरा सम्म ढुवानी गनुपर्ने छ।

१०. कबोल रकम उल्लेख गर्दा तोकीए बमोजिम लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११. कुनै शर्त राखि पेश गरिएको सिलबन्दी दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ । साथै दरभाउपत्र स्विकृत भए पश्चात पनि कार्यालयले आबश्यक सामाग्री पुर्ण वा आंशिक रूपमा थपघट गर्न सक्नेछ ।

१२. सुचनाको शर्त बिपरित भएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

१३. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ ।

१४. सिलबन्दी दरभाउपत्र सम्बन्धि थप जानकारी आबश्यक परेमा मो. नं. ९८५८७४५४४० ,९८५८७८६७०१ मा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

१५. खरिद गरिने सामाग्रीहरूको आपुर्तिको प्राबिधिक स्पेशिफिकेशन सम्बन्धि बिबरण BID document मा संलग्न राखिनेछ ।

१६. उल्लेखित सूचनामा आबश्यक कुराहरू संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

**दरभाउपत्र सम्बन्धि बिबरण**

| दरभाउपत्र नं. | कामको बिबरण | मु.अ.कर बाहेकको रकम रू. | धरौटी रकम रू. | कैफियत |
|---|---|---|---|---|
| SQ/MEDICINE/01/2082-83 | औषधि तथा औषधिजन्य सामाग्री खरिद | १८,९०,८३१/- | ४७,८७६/- | |
| SQ/GOODS/02/2082-83 | कार्यालय सामान लगायत मसलन्द सामाग्री खरिद | १३,३०,१३०/- | ३८,०००/- | |

हर्ष ब. रोका
प्रमुख प्रशासकीय अधिकृत

हर्ष बहादुर रोका
प्रमुख प्रशासकीय अधिकृत